# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम ।

**प्रदेश निजामती सेवातर्फका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सम्बन्धमा ।**

**सूचना नं. १७१/२०८३-८४** **मिति : २०८३।०६।२९ गते बिहीबार**

यस आयोगको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार असोज महिनाको अन्तिम बिहीबार मिति २०८३/०६/२९ गते प्रदेश निजामती सेवाका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सूचना प्रकाशन गर्न तोकिएकोमा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १० को उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त पदपूर्तिका लागि वार्षिक कार्यतालिका बमोजिम निर्धारित समयमा यस आयोगमा माग पठाउनुपर्ने व्यवस्था भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामको च.नं. १२३० मिति २०८३/०६/२३ गते "श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०४/११ मा बसेको सचिव बैठकबाट भएको यसैसाथ संलग्न निर्णयको निर्णय नं. ४ ("बजेट वक्तव्यको बुँदा नं. १०९ मा उल्लेख भए अनुसार कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्ने उल्लेख भएकोले सबै निकायले यथाशिघ्र सङ्गठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सुरु गर्ने। साथै, उक्त बुँदामा नै O & M नहुन्जेल नयाँ कर्मचारीको पदपूर्ति र बढुवा रोक्का गरिएको उल्लेख भएकाले कुनै पनि निकायले यस सम्बन्धी प्रक्रिया अगाडि नबढाउने। O & M गर्न पूर्व सहमति प्राप्त मन्त्रालयले प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिज तयार गर्दा आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, नेपाल सरकारले जारी गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को पूर्ण पालना गर्ने। साथै, संस्थागत आवश्यकता, कार्यबोझ, औचित्य, सेवा प्रवाहको प्रभावकारिता, वित्तीय दायित्व तथा दिगो व्यवस्थापन समेतको विश्लेषण सहित प्रतिवेदन तयार गरी निर्णयका लागि पन्ध्र (१५) दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने") अनुसार मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन (O & M) सम्बन्धी कार्य सम्पन्न भई नसकेकोले तहाँबाट माग भए बमोजिमको माग आकृति पठाउन नसकिएको" भन्ने व्यहोरा सहितको पत्र प्राप्त भएकोले प्रदेश निजामती सेवाका अधिकृत सातौं/आठौं तह (अप्राविधिक/प्राविधिक) पदको उल्लिखित विज्ञापन हुननसकेको व्यहोरा यस आयोगको मिति २०८३/०६/२८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।